आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली
मितिः २६ जुलाई २०२४
समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. नीति आयोगको बैठकमा पश्चिम बंगालकी मुख्यमंत्री ममता व्यानर्जीकोअपमान भएको भन्दै आज विधानसभामा सत्तारूढ़ टिएमसी ले प्रस्ताव पारित गरेको छ।
२. अलीपुर जिल्ला निवासी काँवड़िया दल जलपेशमा जल चढ़ाई मिरिक घुम्न आएकाहरूको फर्किने क्रममा वाहन दुर्घटना, एकको मृत्यु
३. गोरखा राश्ट्रिय मुक्त मोर्चाको पदाध्किारी सभामा आज देदखि पार्टी कार्यालयमा कालो झण्डा लगाएको छ।
४. संसदमा बजट माथि आज पनि चर्चा जारी रहयो।

५. मनु भाकड़ तथा सरबजात सिंहको जोड़ी १० मीटर एयर राईफल्स प्रतिस्पर्धाको कास्य पछि फाइनलमा पुगेको छ।

**विशेष प्रस्ताव पेश**

नीति आयोगको बैठकमा कथित रुपमा मुख्य मन्त्रि ममता बनर्जीलाई अपमान गरिएको भन्दै पश्चिम बंगाल विधान सभामा आज सोमवार एक विशेष प्रस्ताव पेश गरिएको छ। ममता कैबिनेटका सदस्य मानस भुईयाले उक्त प्रस्ताव पेश गर्नु भएको छ। श्री भुइयाले भन्नु भयो कि गत २७ जुलैको दिन नीति आयोग को बैठकमा राज्यको तर्फबाट बोलिरहेको समय मुख्यमन्त्री ममता ब्यानर्जीको माइक्रोफोन बंद गरिनु एक गम्भीर बिषय हो |श्री भुइयाले भन्नु भयो सदनमा नीति आयोगको बैठकको समय मुख्यमन्त्री संग भएको व्यवहार प्रति उहाले आफ्नु आक्रोश व्यक्त गर्नु भयो | टि.एम.सी.का बिधयकहरुले २७ जुलाईमा भएको मुख्यमन्त्रीको बेइज्जतीको निन्दा गरेका छन् | अर्को तर्फ भाजपा विधायक शंकर घोषले यस नोटिसको विरोध गर्दै भनेका छन् मुख्यमन्त्री ब्यनेर्जिले बैठक पछि जुन कुरा भन्नु भयो त्यो बिधानसभामा अधिकारिक रुपमा चर्चा गर्न योग्य छैन | विधयाकहरूले भने मुख्यमन्त्री ममता ब्यानर्जीले जुन कुरा भन्नु भयो त्यो अधिकारिक थिएन कारण नीति आयोगको बैठक देखि बाहीर अयेपछि उहाले त्यो कुरा भन्नु भएको थियो | त्यस पछि भाजपा बिधायकहरुले विधानसभा बाट वोर्क आउट गरे| यस अघि स्पीकर बिमान ब्यनार्जीले विशेस नोटिस माथि चर्चा गराउनको निम्ति प्रश्नकाल सत्र स्थकित गर्नुभएको थियो|

****** ० ******

**बंगाल विधानसभा विपक्षी दल**

पश्चिम बंगाल विधानसभामा सोमवार विपक्षी भारतीय जनता पार्टीले एक चर्चाको लागि विधायक सुमन कांजीलालको नाम सामेल गरिएकोमा विरोध जनाउँदै सदनबाट वकआउट गरे। भाजपा विधायक दलका नेता शकर घोषले दाबी गर्नु भयो, उत्तर बंगालको अलिपुरद्वारबाट भाजपा विधायकको रूपमा चयन भएका कांजीलाल अब तृणमूल कंग्रेसमा सामेल भइसकेका छन्। घोषले अध्यक्षलाई बताउनु भयो, भाजपा विधायक दलले चर्चामा भाग लिनको लागि कांजीलालको नाम दिएको छैन। यद्यपि स्पीकर बिमान ब्यनर्जीले कांजीलालको नाम चर्चामा साामेल गर्ने अनुमति दिनु भयो। यसको विरोधमा भाजपा विधायकहरूले नाराबाजी गरे। फेरि अवकाशपछि सदनको कारबाही शुरू हुनसाथ उनीहरूले सदनबाट वकआउट गरे। सदनमा उत्तर बंगालमा बाढ़ नियन्त्रण तथा कटावसित सम्बन्धित मुद्दाहरूमाथि चर्चा भइरहेको थियो।

****** ० ******

**पिकअप भ्यान दुर्घटना**

मिरिक महकुमा अन्तर्गत घैयाबारीको ३०० गोलाई नजिकमा सोमवार बिहान एउटा पिकअप भ्यान दुर्घटनाग्रस्त हुँदा एकजनाको मृत्यु भयो। यस दुर्घटनामा २६ जना घाइते भएका छन्। जानकारी अनुसारए आज बिहान लगभग १०रू२० बजी २७ जना कावडियाहरू अलिपुरद्वार जिल्लाको बारोबिशाबाट आएका थिए। सबै श्रद्धालुहरू एउटा पिकअप भ्यानमा थिए। अचानक वाहन अनियन्त्रित बनेर पल्टियो। एक व्यक्तिको घटनास्थलमै मृत्यु भएको छ भने अन्य २६ जना घाइते भएको जानकारी प्राप्त भएको छ। श्रद्धालुहरू जलपेसमा पनि चडाएर मिरिक घुम्न आएका थिए भने यसै क्रममा उनीहरूको पिकअप भ्यान दुर्घटनामा परेको जानकारी प्राप्त भएको छ।

****** ० ******

**गोरामुमो - कालो झण्डा**

गोर्खाहरु खुशी छैनन्ए अब गोर्खाहरुलाई सरकारले झट्ट न्याय दिनुपर्छ भन्ने सन्देश दिँदै आज गोरामुमो केन्द्रिय कार्यालयए दार्जीलिङमा पार्टी अध्यक्ष मन घिसिङको उपस्थितिमा कालो झण्डा फहराइएको जानकारी प्राप्त भएको छ। आज केन्द्रिय कार्यालयमा दार्जीलिङए खरसाङ, कालेबुङ अनि मिरिक ब्राञ्च कमिटीका अध्यक्ष र सचिवहरुसँगको बैठकमा अध्यक्ष मन घिसिङले भावी कार्यक्रमहरुको विषयमा छलफल गर्नु भएको थियो। बैठकपछि केन्द्रिय समिति प्रवक्ता वाई लामाले आफ्नो विज्ञप्ति जारी गर्नु हुँदै भन्नु भयो, अहिलेसम्म गोर्खाहरुले न्याय पाएको छैन। गोरामुमोले आफ्नो पार्टीको झण्डा पन्साएर न्यायको निम्ति भारत सरकारलाई चाप सृष्टि गर्नको निम्ति कालो झण्डा लगाएर सन्देश दिन चाहेका हौं। अब पार्टी अध्यक्ष पनि स्वाभिमानी गोर्खा भएर गोर्खा जातिको न्यायको निम्ति पार्टी अध्यक्ष नभएर गोर्खा भएर कार्य गर्नु हुनेछ।
उहाँले आजको बैठकमा भावी रणनीति लिएर व्यापक छलफल भएको बताउनु हुँदै सम्पूर्ण जनतालाई हामी खुशी छैनौं भन्ने सरकारलाई सन्देश दिँदै आफ्नो घरको धुरीमा कालो झण्डा लगाइदिन अपील पनि गर्नु भएको छ । उहाँले पहाडको सम्पूर्ण राजनैतिक दलहरुले पनि अब पार्टीको झण्डा पन्साएर गोर्खा जातिको न्यायको निम्ति स्वाभिमानी गोर्खा भएर एउटै मञ्चमा आएर कार्य गर्नुपर्ने अपील गर्नु भएको छ।

****** ० ******

**कालेबुङ अस्पताल भ्रमण**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको स्वास्थ्य विभागका सभासद दावा तेन्जी शेर्पाले आज कालेबुङ सरकारी अस्पतालको भ्रमण गर्नु भएको छ । स्वास्थ्य विभागको सभासदसँगै एक टोलीले पनि भ्रमण गर्दै अस्पतालका समस्याहरूको समाधान गर्ने पक्षमा रहेको सभासदले बताउनु भएको छ । उहाँले कालेबुङ जिल्ला अदालतको भ्रमण निरीक्षणपछि अस्पतालका समस्याहरुको विषयमा जीटीए प्रमुख कार्यपाल अनित थापा र कालेबुङका विधायक रुदेन सादा लेप्चा समक्ष राख्ने बताउनु भएको छ।

****** ० ******

**दार्जीलिङ नगरपालिका**

दार्जीलिङ नगरपालिकाले तोकिएको समय अनुसार आज शान्तिपूर्ण रुपमा दार्जीलिङको सनफ्लावर होटेलमुनि रहेका सबै हकर्सहरुसँग मिलेर मल बजार रोड लगायतका पसलहरु खाली गरेको छ। आज मोठ ११० वटा पसलहरु हटाइएको छ भने ५५ वटा पसलहरूलाई पहिले नै निर्माण गरिएका पसलहरूमा आफ्नो आवन्टित पसलहरू खोल्न अनुमति दिइएको थियो। उक्त जानकारी दार्जीलिङ नगरपालिका वार्ड नम्बर १७ का वार्ड पार्षद नितेश गुरुङले दिनु भएको छ।

****** ० ******

**मानव तस्करी रोकथाममाथि कार्यशाला**

कालेबुङ जिल्ला पुलिसको आयोजनामा मानव तस्करी रोकथाम हेतु कालेबुङमा आज एक कार्यशाला आयोजन गरियो। दुई दिवसीय कार्यक्रम अन्तर्गत पहिलो दिन मानव तस्करी विषय पुलिस अधिकारीहरू अनि कर्मचारीहरूलाई लिएर यसको विविध पक्षमा चर्चा परिचर्चा गरिएको जानकारी प्राप्त भएको छ। सोवना सेवाले सञ्चालन गरेको कार्यक्रममा मार्ग संस्थाबाट वृत्त चित्रमार्फत्

बेचिएका चेलीको उद्धार गरिएको घटना लगायत पुनर्वास आदि विभिन्न विषयहरूमा विस्तारपूर्वक जानकारी गराइयो। मंगलवार यसको समापन कार्यक्रममा मानव तस्करी विरुद्ध दिवस पालन गरिने बताइएको छ। कार्यक्रममा जिल्ला पुलिस अधीक्षक श्रीहरि पाण्डेए डीवाइएसपी देभ कल्याण गुरुङए मार्ग एनजीओबाट निर्माण छेत्रीए डीएलएसए सचिव छितेन शेर्पाए चाइल्ड हेल्पलाइनबाट रेटीका छेत्री लगायत पुलिस अधिकारीहरुको उपस्थिति रहेको थियो।

****** ० ******

<u>ममता व्यानर्जी</u>

आज बजट लाई लिएर संसदको दुवै सदनमा आज पनि चर्चा जारी रहयो चर्चामा भाग लिंदै सत्तारूढ़ दलका नेताहरूले आम बजटलाई जनहितैषी बताए भने विपक्षका संसदहरूले यसलाई निराशाजनक बताए। बजट माथि भोलि पनि चर्चा जारी रहनेछ।

****** ० ******

**<u>होम स्टेहरू सञ्चालकहरूको सभा</u>**

खरसाङ क्षेत्रमा रहेका होम स्टेहरू सञ्चालकहरू र पर्यटन व्यवसायमा संलग्न रहेका व्यक्तिहरूलाई लिएर खरसाङमा एक सभा सम्पन्न भयो। खरसाङ क्षेत्रमा पर्यटन व्यवसाय अनि पर्यावरण सुरक्षाको निम्ति एउटा कमिटी गठन गर्नु जरूरी रहेकाले सभामा एक महिनाको निम्ति एउटा कमिटी गठन गरिएको छ। यस सभामा खरसाङ क्षेत्रमा रहेका होमस्टे ओनरए टूर एण्ड ट्राभल्स सञ्चालकहरूए टुरिस्ट क्याब चलाउनेहरूए टुरिष्ट गाइड अनि खरसाङ क्षेत्रमा होम स्टे र पर्यटन व्यवसायमा रूचि राख्ने बेरोजगार युवाहरूको उपस्थिति रहेको थियो। यस सभाको आयोजनाबारेमा यस संस्थाका सदस्य विधान गुरूङले खरसाङ क्षेत्रका होम स्टे सञ्चालकहरू र पर्यटन व्यवसायसित सम्बन्धित व्यक्तिहरूलाई लिएर सभा गरिनुको मुख्य उद्देश्य पर्यटन व्यवसायलाई अघि बढ़ाउँदै यस क्षेत्रको पर्यावरण संरक्षण गर्न रहेको बताउनु भयो।

****** ० ******

**<u>बंगाली फिल्म इण्डस्ट्री</u>**

बंगाली फिल्म इण्डस्ट्रीका अधिकांश निर्देशकहरूले सोमवारदेखि अनिश्चितकालीन काम बन्द गर्ने फसेला गरेका छन्। मनोरञ्जन उद्योगका कलाकारहरूको शीर्ष निकायले भनेको छए निर्देशकहरूको समस्याहरूको सौहार्दपूर्ण तथा उचित समाधान नहुञ्जेलसम्म शुटिंग फ्लोरमा काम बन्द रहनेछ। फेसबुक पोस्टमा प्रमुख फिल्मकारहरू जस्तै अपर्णा सेनए कौशिक गांगुलीए श्रीजीत मुखर्जीए अरिन्दम सिलए इन्द्रसिश आचार्यए इन्द्रदीप दासगुप्ताए कमलेश्वर मुखर्जीए अतनु घोष औ अन्यले भने अनुसार निर्देशक संघले राहुल मुखर्जीलाई एसवीएफको अनटाइटल फिल्म निर्देशन गर्ने अनुमति दिएको भए पनि तकनीशियनहरू उपस्थित नभएका कारण गत २७ जुलाईको शुटिंगको पहिलो दिन रद्द भयो। बयानमा भनिएको छए ष्यो निर्देशक र अभिनेताहरूको लागि अत्यन्त अपमानजनक थियो। त्यसपछि केही निर्देशकहरूद्वारा माग गरियोए जबसम्म तकनीशियनले राहुल मुखर्जीलाई निर्देशकको रूपमा स्वीकार गर्दैनन् तबसम्म हामी अनौपचारिकताको लागि बाध्य हुनेछौं। अरिन्दम सिलले भन्नु भयोए ष्काम बन्द केवल बंगाली फिल्मए सीरियल तथा वेब सीरीज शुटको लागि लागू हुनेछ।ष

****** ० ******

**<u>टेबल टेनिस खेलाड़ी गौतमकुमार छेत्री</u>**

इटालीको रोममा सम्पन्न वर्ल्ड मास्टर टेबल टेनिस च्याम्पियनशीपमा भाग लिएर खरसाङका अन्तरराष्ट्रिय टेबल टेनिस खेलाड़ी गौतमकुमार छेत्री घर फर्केका छन्। उनले अन्तरराष्ट्रिय टेबल टेनिस फेडरेसनको आयोजनामा इटालीको रोममा सम्पन्न वर्ल्ड मास्टर टेबल टेनिस च्याम्पियनशीपमा भारतको प्रतिनिधित्व गर्दै भाग लिएका थिए। उनले उक्त वर्ल्ड मास्टर टेबल टेनिस च्याम्पियनशीपमा एकल र युगल स्पर्धामा भाग लिएका थिए। उनी यस च्याम्पियनशीपको एकल वर्गमा क्वार्टर फाइनलसम्म पुगेका थिए भने युगल वर्गमा क्वालिफाई गरेर दोस्रो चरणको खेलमा पराजित भएका थिए। युगल वर्गमा उनको साथी खेलाड़ी इटालीकै थिए। इटालीमा सम्पन्न वर्ल्ड मास्टर टेबल टेनिस च्याम्पियनशीपमा जम्मा १२५ देशका ६ हजार १ जनाले सहभागिता जनाएका थिए। भारतको तर्फबाट १२ जनाको टोलीले भाग लिएको थियोए जसमा गौतमकुमार छेत्री पनि सामेल थिए। गत वर्ष २०२३ मा

पनि खरसाङका अन्तरराष्ट्रिय टेबल टेनिस खेलाड़ी गौतमकुमार छेत्रीले ओमानमा सम्पन्न वर्ल्ड मास्टर टेबल टेनिस च्याम्पियनशीपमा भाग लिएका थिए।उनी एक राष्ट्रिय स्तरका टेबल टेनिस खेलाड़ी पनि हुन्। उनले राष्ट्रिय स्तरमा पश्चिम बंगाल राज्यको प्रतिनिधित्व गर्दै खेल्ने गरेका छन्। राष्ट्रिय स्तरमा पनि उनले सन् २०२२ मा बंगलोरमा सम्पन्न प्यान इण्डियन मास्टर गेम्समा टिम च्याम्पियनशीपमा गोल्ड मेडल जित्न सफल भएका थिए।

****** ० ******

**करा‌ँतेमा स्वर्ण पदक**

अन्तरराष्ट्रिय करा‌ँते च्याम्पियनशीपमा सोनादाकी ६ वर्षीय रेहाना राईले स्वर्ण पदक जितेकी छन्। सोनादाको रातो माटे निवासी पिता रबीन राई र माता रेखा राईकी ६ वर्षीय छोरी रेहाना राईले कोलकोताको नेताजी इण्डोर स्टेडियममा सम्पन्न आठौं अन्तरराष्ट्रिय करा‌ँते च्याम्पियनशीपमा स्वर्ण पदक जितेर सोनादा क्षेत्र लगायत सम्पूर्ण पहाडलाई नै गौरान्वित तुल्याएकी छन्। उक्त आठौं अन्तरराष्ट्रिय करा‌ँते च्याम्पियनशीप गत २६ देखि २८ जुलाईसम्म सम्पन्न भएको थियो। यस खेलमा उनीसितै सोनादा निवासी १४ वर्षीय आयुष्मा तामाङले पनि रजत पदक जित्न सफल भएकी छन्। उनी सोनादाको पेट्रोल पम्प निवासी हुन्। उनी दुवैले मार्टियल आर्ट एण्ड फिटनेस अकादमी खरसाङको ब्राञ्जए सोनादामा करा‌ँते प्रशिक्षण लिइरहेका छन्।

****** ० ******

**करा‌ँते च्याम्पियनशीप**

कोलकोतामा भएको अन्तरराष्ट्रिय करा‌ँते च्याम्पियनशीपमा ५ स्वर्णए ३ रजत र ६ का‌ँस्य पदक जितेर फर्किएका छन् मार्टियल आर्ट एण्ड फिटनेस अकादमी खरसाङका कराते खेलाड़ीहरू। अकादमीकी निर्देशिका कल्पना क्षेत्री र प्रशिक्षक सुशील क्षेत्रीको नेतृत्वमा २६ करा‌ँते खेलाड़ी नानीहरूको टोली विजय हासिल गरेर फर्केका छन्। उत्तर बङ्गाल कराते च्याम्पियनसिपमा पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्ने विद्यार्थीहरुलाई कोलकाताको नेताजी इन्डोर स्टेडियममा हरेक वर्ष हुने अन्तरराष्ट्रिय कराते च्याम्पियनशीपका लागि चयन गरिन्छ। यस वर्ष २६ जुलाई देखि २८ जुलाईसम्म आयोजना भएको च्याम्पियनशीपमा विद्यार्थीहरुले उत्कृष्ट प्रदर्शन गर्ने प्रयास गरेको जानकारी प्राप्त भएको छद्य यस वर्ष विद्यार्थीहरूले ५ स्वर्णए ३ रजत र ६ का‌ँस्य पदक जित्न सफल बनेका छन्। स्वर्ण पदक जित्नेमा सोनादाकी रेहाना राईए खरसाङका अभिमन्यु खवासए सिपाहीधुरा शाखाका आयुष्मा राईए इदान्त प्रधान र रेयान राई छन्। खरसाङका प्रयण सुब्बाए सोनादाकी आयुष्मा तामाङ र सिपाहीधुरा शाखाकी वैष्णवी सिंहले रजत पदक जितेका छन्। कांस्य पदक जित्नेमा कुमार स्पर्शए रेयांश प्रधानए डियोंकित लेप्चाए सिद्धार्थ तामाङए ऋषिराज ठकुरी र प्रयोद्धी प्रधान रहेका छन् ।

****** ० ******

**दिल्ली घटना**

दिल्लीको तीस हजारी कोर्टले ओल्ड राजेन्द्र नगरको राव कोचिंग स्टडी सर्कलमा भलबाढ़ीमा डुबेर तीनजना विद्यार्थीहरूको मृत्यु भएको मामिलामा पक्रा पर्ने कोचिंगका मालिकसहित दुईजना आरोपीहरूलाई १४ दिनको न्यायिक हिरासतमा पठाएको छ। तीस हजारी कोर्टले कोचिंगका मालिक अभिषेक गुप्ता र को-आर्डिनेटर देशपाल सिंहलाई न्यायिक हिरासतमा पठाउने आदेश दिएको छ।

दिल्ली पुलिसले दुवैलाई गत २८ जुलाईमा पक्राउ गरेको थियो। पुलिसले यी दुईबाहेक बिल्डिंग व्यवस्थापन प्रणालीको हेरचाह गर्ने निगमकर्मी तथा अन्य आरोपीहरू विरूद्ध पनि उद्देश्यहीन हत्याका विभिन्न धाराहरू अन्तर्गत मुद्दा दर्ता गरेको छ। दिल्ली पुलिसले भारतीय न्याय संहिताको विभिन्न धारा अन्तर्गत मुद्दा दर्ता गरेको छ। उल्लेखनीय छए राव आईएएस स्टडी सर्कलको बेसमेन्टमा लाइब्रेरी छ। यस लाइब्रेरीमा यूपीएससीको तयारी गरिरहेका विद्यार्थीहरू पढ़िरहेका थिए। बेसमेन्टभित्र अचानक आएको पानीमा डुबेर त्यहा‌ँ पढ़िरहेका विद्यार्थीहरूको फसेर मृत्यु भएको छ।

****** ० ******